# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

प.स. २०७५/०७६
च.नं.

५ न. प्रदेश, नेपाल
मिति :२०७५/०८/१२

### कर्मचारी आवश्यकता सम्वन्धी सूचना !
(प्रथम पटक प्रकाशित मिति २०७५/०८/१३)

यस सुनिलस्मृति गाउँपालिकाको विकास निर्माणको क्षेत्रमा कामकाज गर्नको लागि निम्नानुसारका पदहरु करार सेवामा नियूक्ति गर्नु पर्ने भएको हुँदा उल्लेखित सेवा शर्तहरुको अधिमा रही काम गर्न इच्छुक योग्य उम्मेदवारवाट दरखास्त आह्वान गरिएको छ ।

तपशिल

१.पदः इन्जिनियर (**Engineer**)

(क) आवश्यक संख्या :- १ (एक) जना
(ख) शैक्षिक योग्यता :- मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल इन्जिनियरिङ्ग वा आर्केटेक्चरमा कम्तिमा स्नातक वा सो सरह उर्तिर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको हुनुपर्ने ।
(ग) उमेर हद :- दरखास्त वुझाउने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको महिला र अपाङ्गता भएका उमेद्वारको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
(घ) तलव स्केल :- नेपाल सरकारको प्रचलित स्केल तथा नियम वमोजिम हुनेछ ।
(ङ) काम गर्नुपर्ने स्थान :- गाउँपालिका तथा मातहतका वडाहरुमा ।
(च) परिक्षाको किसिम :- लिखित,अर्न्तवार्ता
(छ) आवेदन शुल्क :- रु.१०००।-

२.सव-इन्जिनियर (**Sub-Engineer**)

(क) आवश्यक संख्या :- १ (एक जना)
(ख) शैक्षिक योग्यता :- मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल इन्जिनियरिङ्गमा डिप्लोमा वा सो सरह उर्तिर्ण गरि सर्भे,लागत अनुमान तयारी तथा अटोक्याडवाट घर नक्सा डिजाईन गर्न सक्ने ।
(ग) उमेर हद :- दरखास्त वुझाउने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको महिला र अपाङ्गता भएका उमेद्वारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
(घ) तलव स्केल :- नेपाल सरकारको प्रचलित स्केल तथा नियम वमोजिम हुनेछ ।
(ङ) काम गर्नुपर्ने स्थान :- गाउँपालिका तथा मातहतका वडाहरुमा ।
(च) परिक्षाको किसिम :- लिखित,अर्न्तवार्ता
(छ) आवेदन शुल्क :- रु.५००।-

३. **छनौट सम्वन्धी व्यवस्था** :- यस सूचना वमोजिम पर्न आएका आवेदनहरुलाई देहायको आधारमा मूल्याङ्कन गरि छोटो सूचि (Short List) गरिनेछ ।
(क) शैक्षिक योग्यता वापद ६० अंक (विशिष्ट श्रेणीलाई ६० अंक,प्रथम श्रेणीलाई ५५ अंक,द्धितीय श्रोणीलाई ५० अंक र तृतीय श्रेणीलाई ४५ अंक प्रदान गरिने छ ।
(ख) कार्य अनुभव वापत १० अंक (३ वर्ष भन्दा वढिको १०,१ वर्ष भन्दा वढिको ७,३ महिना भन्दा वढिको ४ अंक प्रदान गरिने छ । उक्त अंकको लागि सरकारी कार्यालय वा स्थानीय तहमा काम गरेकोलाई मात्र अंक प्रदान गरिने छ ।
(ग) स्थानीय वासिन्दा वापत १० अंक (सम्वन्धीत गाउँपालिकाको वासिन्दा भएमा १० अंक,सम्वन्धीत जिल्लाको वासिन्दा भएमा ७ अंक र सम्वन्धीत प्रदेशको वासिन्दा भएमा ५ अंक प्रदान गरिने छ ।

माथि उल्लेखित पदमा योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले लोकसेवा आयोगको ढाँचामा दरखास्त फारमको साथै व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यता एवं अनुभवका प्रमाण पत्रका प्रतिलिपीहरुको साथमा आवेदन शुल्क वापतको रकम यस गाउँपालिकाको ग्लोवल आइएमई वैंक लिमिटेड सुलिचौर शाखामा रहेको मुल खाता नं.८०२०४०१००००००१ मा जम्मा गरि भौचर संलग्न राखि स्वयं उपस्थित भई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन दर्ता गराउनु पर्ने छ ।

(लेखनाथ न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०